# उपभोक्ता र खुद्रा विक्रेतासम्बन्धी सूचना: ओहायोमा अब क्राटम (kratom) सँग सम्बन्धित उत्पादनहरू अवैध हुन्छन्

***जारी मिति: 12/12/2025***
***अद्यावधिक गरिएको: 12/16/2025***

***अस्वीकरण:*** *यस सूचनामा रहेको जानकारीले कानुनी सल्लाहको रूपमा काम गर्दैन र त्यसो गर्ने उद्देश्य पनि राख्दैन; यसको सट्टा, यहाँ उपलब्ध गराइएका सबै जानकारी सामान्य जानकारीमूलक उद्देश्यहरूका लागि मात्र हुन् । यस सूचनामा समावेश गरिएको जानकारी सबैभन्दा पछिल्लो कानुनी वा अन्य जानकारी नहुन सक्छ । ओहायो फार्मेसी बोर्ड (Ohio Board of Pharmacy) ले यस सूचनामा उपलब्ध गराइएको बाहेक अन्य कुनै पनि अतिरिक्त मार्गदर्शन उपलब्ध गराउन सक्दैन । थप प्रश्नहरू भएमा पाठकहरूले यस सूचनामा उपलब्ध गराइएको जानकारीसम्बन्धी सुझाव प्राप्त गर्नका लागि वकिललाई सम्पर्क गर्नुपर्छ ।*

***डिसेम्बर 12, 2025 देखि लागू हुने गरी OAC 4729:9-1-01.1 अनुसार क्राटमसँग सम्बन्धित सबै प्रकारका उत्पादनहरू ओहायो राज्यमा विक्री गर्ने, राख्ने वा वितरण गर्ने कार्य अवैध ठहरिन्छन् । यस आपत्कालीन नियमसँग सम्बन्धित थप जानकारीका लागि फार्मेसी बोर्डको 3- कारक विश्लेषण (www.pharmacy.ohio.gov/7OH) र गभर्नर DeWine को कार्यकारी आदेश हेर्नुहोस् ।***

***यस कागजातको अन्त्यमा आपत्कालीन नियमको प्रति उपलब्ध छ ।***

**केलाई क्राटमसँग सम्बन्धित उत्पादन मानिन्छ ? (अद्यावधिक गरिएको: 12/16/2025)**

क्राटमसँग सम्बन्धित उत्पादनमा निम्नलगायत तिनमा मात्र सीमित नहुने क्राटमका सबै यौगिकहरू पर्दछन्:

- 7-हाइड्रोक्सीमाइट्राजिनिन (7-hydroxymitragynine) (कहिलेकाहीँ 7-OH पनि भनिने);
- माइट्राजिनिन स्यूडोइन्डोक्सिल (Mitragynine pseudoindoxyl);
- डाइहाइड्रो-7-हाइड्रोक्सी माइट्राजिनिन (Dihydro-7-hydroxy mitragynine); र
- 7-एसिटोक्सिमाइट्राजिनिन (7-acetoxymitragynine) ।

**महत्त्वपूर्ण:** यो नियम अलग गरिएको माइट्राजिनिनमा **लागू हुँदैन** र त्यसका साथै आफ्नो वनस्पतिक स्वरूपमा रहेको प्राकृतिक क्राटम भएका उत्पादनहरूमा पनि लागू हुँदैन ।

**यस नियमअन्तर्गत प्रतिबन्धित क्राटमसँग सम्बन्धित उत्पादनहरू कसरी पहिचान गर्ने ? (अद्यावधिक गरिएको: 12/16/2025)**

खुद्रा विक्रेताहरूले निम्न सामग्रीहरू लगायतका क्राटमसँग सम्बन्धित यौगिकहरू समावेश भएका कुनै पनि उत्पादन (क्याप्सुल, ट्याबलेट, श्याप, गमी, पेय पदार्थ आदि) को जाँच गर्नुपर्छ:

- 7-हाइड्रोक्सीमाइट्राजिनिन (7-hydroxymitragynine) (कहिलेकाहीँ 7-OH पनि भनिने);
- माइट्राजिनिन स्यूडोइन्डोक्सिल (Mitragynine pseudoindoxyl);
- डाइहाइड्रो-7-हाइड्रोक्सी माइट्राजिनिन (Dihydro-7-hydroxy mitragynine); र
- 7-एसिटोक्सिमाइट्राजिनिन (7-acetoxymitragynine) ।




*क्राटमसँग सम्बन्धित उत्पादनहरूका उदाहरणहरू । अमेरिकी खाद्य तथा औषधि प्रशासन । अर्को ओपिओइड महामारी रोक्ने प्रयास: 7-OH का बारेमा तपाईंले जान्नुपर्ने कुरा । https://www.fda.gov/media/187913/download?attachment । पहुँच मिति: नोभेम्बर 12, 2025 ।*

## के यो प्रतिबन्ध आफ्नो वनस्पतिक स्वरूपमा रहेको प्राकृतिक क्राटम भएका काटमका उत्पादनहरूमा पनि लागू हुन्छ ? (अद्यावधिक गरिएको: 12/16/2025)

हुँदैन । गभर्नरको कार्यकारी आदेशले विशिष्ट रूपमा आफ्नो वनस्पतिक स्वरूप रहेको प्राकृतिक क्राटमलाई यस प्रतिबन्धबाट छुट दिएको छ । त्यसकारण, आफ्नो वनस्पतिक स्वरूप रहेको प्राकृतिक क्राटम भएका कुनै पनि क्राटम उत्पादनहरू यस प्रतिबन्धमा पर्दैनन् । वनस्पतिक स्वरूपले प्राकृतिक वनस्पति पदार्थ, विशेषगरी मित्राग्याना स्पेसियोसा (Mitragyna speciosa) रूखका पातहरूलाई जनाउँछ र यो गाढा अर्क वा संश्लेषित यौगिकहरूभन्दा फरक हुन्छ ।

प्राकृतिक क्राटममा अझै पनि ओहायो कृषि विभाग (Ohio Department of Agriculture) द्वारा व्याख्या गरिएका बन्देजहरू लगाउन सकिन्छ: www.pharmacy.ohio.gov/ODAkratom

**वनस्पतिक स्वरूपमा रहेको प्राकृतिक क्राटमको बिक्रीका लागि कुनै अतिरिक्त आवश्यकताहरू छन् ? (थपिएको: 12/16/2025)**

छन् । वनस्पतिक स्वरूपमा रहेको प्राकृतिक क्राटमको बिक्रीमा संलग्न व्यक्तिहरूलाई ओहायो कृषि विभागद्वारा प्रदान गरिएको यो मार्गनिर्देशन राम्रोसँग पढ्न सिफारिस गरिन्छ: www.pharmacy.ohio.gov/ODAkratom

**मैले आफ्नो शेल्फमा वा आफूसँग क्राटमसँग सम्बन्धित उत्पादनहरू फेला पारेमा के गर्ने ?**

यी उत्पादनहरू तुरुन्तै नष्ट गरिनुपर्छ ।

**ओहायोमा क्राटम र क्राटमसँग सम्बन्धित उत्पादनहरूको समाधानका लागि बोर्डले योजना बनाइरहेका आगामी चरणहरू के-के हुन् ?**

***क्राटमसँग सम्बन्धित उत्पादनहरूका लागि:*** क्राटमसँग सम्बन्धित उत्पादनहरूमा प्रतिबन्ध लगाउने आपत्कालीन नियम 180 दिनसम्म लागू हुनेछ । यस अवधिमा बोर्डले राज्यमा क्राटमसँग सम्बन्धित सबै उत्पादनलाई स्थायी रूपमा प्रतिबन्ध लगाउने नियम प्रस्ताव गर्नेछ ।

***क्राटम उत्पादनहरू (माइट्राजिनिन मात्र) का लागि:*** यस नियममा समावेश नभएका क्राटम उत्पादनहरूका लागि गभर्नर DeWine ले ओहायो फार्मेसी बोर्डलाई प्राकृतिक क्राटम बिरुवामा पाइने सक्रिय ओपिओइड यौगिक तत्त्व माइट्राजिनिनको तालिका बनाउन अनुरोध गर्दै हुनुहुन्छ । यस प्रक्रियाअन्तर्गत क्राटमसम्बन्धी नियमहरू बनाउने विधेयक पेस गरिएको छ र सबै इच्छुक पक्षहरूलाई यस विषयमा सुनुवाइको अवसर दिइनेछ ।